www.ganyapadhuramun.gov.np email: ganapdhurarm@gmail.com mobile : 9858788707

गन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

गन्यापधुरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डडेल्धुरा नेपाल

गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०८१/०८२

**शिक्षकको प्रतिक्षा सूचीका लागि परीक्षाको विज्ञापन**
**(प्रथम पटक प्रकाशित मिति : २०८२।०१।०९ गते)**

यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा आगामी दिनमा रिक्त हुने देहायका शिक्षक पद करारमा पदपूर्ति गर्नका लागि गन्यापधुरा गाउँपालिकाको शिक्षा ऐन, २०७९ को दफा ३१ को उपदफा (६) र (७) को परियोजनार्थ गाउँ कार्यपालिकाको मिति २०८२।०१।०५ गतेको निर्णयानुसार प्रतियोगितात्मक परीक्षा सञ्चालन गरी प्रतिक्षा सूची तयार गर्नुपर्ने भएकोले तोकिएको न्यूनतम् योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले गाउँपालिकाको वेबसाइट www.ganyapadhuramun.gov.np बाट दरखास्त फाराम प्राप्त गरी उक्त दरखास्त फाराम भरेर पेश गर्न हुन यो विज्ञापन प्रकाशित गरिएको छ।

**१. प्रतिक्षा सूची तयार गरिने शिक्षकको तह, प्रकार र विषय :**

| क्र. सं. | विज्ञापन नं. | तह | श्रेणी | विषय | शिक्षकको प्रकार | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १०१/२०८१-८२ | प्राथमिक | तृतीय | - | करार | आधारभूत तह |
| २ | २०१/२०८१-८२ | निम्न माध्यमिक | तृतीय | अङ्ग्रेजी | करार | आधारभूत तह |
| ३ | २०२/२०८१-८२ | निम्न माध्यमिक | तृतीय | गणित | करार | आधारभूत तह |
| ४ | २०३/२०८१-८२ | निम्न माध्यमिक | तृतीय | विज्ञान | करार | आधारभूत तह |
| ५ | २०४/२०८१-८२ | निम्न माध्यमिक | तृतीय | गणित/विज्ञान | करार | आधारभूत तह |
| ६ | २०५/२०८१-८२ | निम्न माध्यमिक | तृतीय | नेपाली | करार | आधारभूत तह |
| ७ | २०६/२०८१-८२ | निम्न माध्यमिक | तृतीय | सामाजिक | करार | आधारभूत तह |
| ८ | ३०१/२०८१-८२ | माध्यमिक | तृतीय | अङ्ग्रेजी | करार | माध्यमिक तह |
| ९ | ३०२/२०८१-८२ | माध्यमिक | तृतीय | गणित | करार | माध्यमिक तह |
| १० | ३०३/२०८१-८२ | माध्यमिक | तृतीय | विज्ञान | करार | माध्यमिक तह |
| ११ | ३०४/२०८१-८२ | माध्यमिक | तृतीय | नेपाली | करार | माध्यमिक तह |
| १२ | ३०५/२०८१-८२ | माध्यमिक | तृतीय | सामाजिक | करार | माध्यमिक तह |
| १३ | ३०६/२०८१-८२ | माध्यमिक | द्वितीय | गणित | करार | माध्यमिक तह (कक्षा ११-१२) |

**२. पारिश्रमिक तथा अन्य सुविधा:** प्रतिक्षा सूचीबाट सिफारिस भई करार (राहत, अस्थायी, शिक्षण सहयोग अनुदान, गाउँपालिका शिक्षण सहयोग अनुदान) सम्झौता भएका शिक्षकलाई सम्बन्धित तह र श्रेणीका लागि नेपाल सरकारले निर्धारण गरे बमोजिमको पारिश्रमिक तथा अन्य सुविधा वा गन्यापधुरा गाउँ कार्यपालिकाले तोकेबमोजिमको पारिश्रमिक नियमानुसार प्रदान गरिनेछ।

**३. काम गर्नुपर्ने विद्यालय :** करार सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ।

दिलिप कुमार तामाङ
प्रमुख प्रशासकीय अधिकृत

www.ganyapadhuramun.gov.np email: ganapdhurarm@gmail.com mobile : 9858788707

गन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

गन्यापधुरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश,नेपाल

गणेशपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०८१/०८२

४. **परीक्षाको किसिम :** शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रमका आधारमा देहायको परीक्षा तथा अन्तर्वार्ता सञ्चालन हुनेछ।

(क) लिखित परीक्षा ( सामान्य र विषयगत)
(ख) अन्तर्वार्ता

५. **परीक्षा सञ्चालन :**

(क) पहिलो चरणमा प्राथमिक तहको छुट्टै, निम्न माध्यमिक तहका सबै विषयका लागि संयुक्त र माध्यमिक तहका सबै विषयका लागि संयुक्त रुपमा सम्बन्धित तहको सामान्य विषयको लिखित परीक्षा सञ्चालन हुनेछ।
(ख) सामान्य विषयको लिखित परीक्षामा सफल भएका उम्मेदवारहरुका लागि विषयगत पाठ्यक्रमका आधारमा विषयगत लिखित परीक्षा सञ्चालन हुनेछ।
(ग) विषयगत लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको अन्तर्वार्ता परीक्षा हुनेछ।
(घ) परीक्षाको मिति, समय, स्थान र केन्द्रको जानकारी कार्यालयको वेबसाइटमार्फत् सूचना प्रकाशन गरी गराइनेछ।

६. **पाठ्यक्रम :**

(क) प्राथमिक, निम्न माध्यमिक (आधारभूत) र माध्यमिक तहको लागि शिक्षक सेवा आयोगले प्रकाशन गरेको पाठ्यक्रम नै यस सूचना बमोजिमका विज्ञापनको परीक्षामा प्रयोग गरिनेछ।

७. **दरखास्त दस्तुर :** देहायका तहका लागि देहायको दस्तुर गाउँपालिकाको कार्यालयको राजश्व शाखामा नगदै बुझाई प्राप्त गरेको रसिद दरखास्त फाराम साथ संलग्न गर्नुपर्नेछ।

(क) प्राथमिक तहको विज्ञापनका लागि रु. ५००।– (पाँच सय),
(ख) निम्न माध्यमिक तहको विज्ञापनका लागि रु. ७००।– (सात सय),
(ग) माध्यमिक तहको विज्ञापनका लागि रु. १,०००।– (एक हजार)

८. **दरखास्त दिने अन्तिम मिति :** २०८२।०१। २३ गतेसम्म।

९. **दोब्बर दस्तुर बुझाई दरखास्त दिने मिति :** २०८२।०१। ३० गतेसम्म। (दोब्बर दस्तुरको समयावधिलाई उमेर, शैक्षिक योग्यता र तालिम प्रयोजनका लागि गणना गरिने छैन् )

१०. **उम्मेदवारको उमेरको हद :** दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको।

११. **उम्मेदवारमा हुनुपर्ने आवश्यक न्यूनतम् योग्यता :**

(क) नेपाली नागरिक।
(ख) प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तहको हकमा शिक्षक सेवा आयोगद्वारा सम्बन्धित तहका लागि पछिल्लो पटक प्रकाशित विज्ञापनमा उल्लेख भए बमोजिम शैक्षिक योग्यता भएको।
(ग) जुन तहको परीक्षामा सहभागी हुने हो सोही तहको स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको।

१२. **उम्मेदवारले पेश गर्नुपर्ने कागजातहरू :** दरखास्त फाराममा उल्लेख भए बमोजिम हुनेछ।

**विज्ञापनसम्बन्धी प्राविधिक जानकारीका लागि मोबाइल नम्बर ९८६८८९६२८९ मा सम्पर्क गर्नुहुन अनुरोध छ।**

दिलिप कुमार तामाङ
प्रमुख प्रशासकीय अधिकृत